**बैठक संख्या : १० (दशौं)**

आज मिति २०८३ साल वैशाख २८ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थित**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ४ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९ | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १० | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री प्रमोद भट्टराई

श्री निशा कार्की

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा,
२. समपुरक अनुदान थप उपयोग सम्बन्धमा,
३. SAMI परियोजना सम्बन्धमा,
४. स्वाथ्य इकाइ कर्मचारी व्यवस्थापन सम्बन्धमा,
५. आयोजना शीर्षकान्तर र रकमान्तर सम्बन्धमा,
६. शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा,
७. उत्कृष्ट कृषक छनोट कार्यविधि सम्बन्धमा,
८. विविध समसामयिक विषयहरु सम्बन्धमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा लिखु गाउँ कार्यपालिकाको विगतका बैठकहरूबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। विगतका निर्णयहरू क्रमशः प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको सन्दर्भमा ती निर्णयहरूको कार्यान्वयनलाई अझ बढी नतिजामूखी र प्रभावकारी बनाउन स्थानीय सरोकारवाला पक्षहरूबीच आपसी समन्वय र सहकार्य सुदृढ गर्दै लैजाने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ मा संघीय समपूरक अनुदान कार्यक्रमअन्तर्गत स्वीकृत भएका वडा नं. १, २, ४, ६, ८ र ९ को वडा कार्यालय भवन निर्माण आयोजनाहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। पर्याप्त बजेट अभाव र गाउँपालिकाको सीमित आन्तरिक स्रोतका कारण प्रथम चरणको ठेक्का व्यवस्थापनबाट भवनहरूको कार्य अपूर्ण (अवशिष्ट) रहेको पाइएकाले, समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को अधीनमा रही प्रथम चरणको सम्झौता पश्चात् बचत/बाँकी रहेको रकमबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रक्रिया अगाडि बढाई तत्काल तीन वटा वडा कार्यालय भवनहरूको अवशिष्ट निर्माण कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा नेपाल सरकार र स्वीस सरकारबीच सम्पन्न द्विपक्षीय सम्झौता बमोजिम सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०८३/८४ देखि यस लिखु गाउँपालिकामा नयाँ कार्यक्रमको रूपमा सुरुवात एवं सञ्चालन गर्ने निर्णय गरियो। वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई रोजगार तथा उद्यमशीलतामा आबद्ध गराउने उद्देश्यले सञ्चालन गरिने उक्त कार्यक्रमका लागि नियमानुसार गाउँपालिकाको तर्फबाट बेहोर्नुपर्ने आवश्यक लागत साझेदारी (Cost Sharing) रकम आगामी आ.व. २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयनका लागि विनियोजित बजेटमध्ये हाल खर्च नभई बचत रहेको देहायबमोजिमको बजेटलाई गाउँपालिकाका अत्यावश्यक शीर्षकहरूमा रकमान्तर तथा शीर्षकान्तर गरी अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो:

**रकमान्तर/शीर्षकान्तर तालिका:**

| क्र.सं. | साविक योजना/कार्यक्रम | स्रोत | खर्च शीर्षक | विनियोजित रकम (रु.) | कायम हुने योजना/शीर्षक | रकमान्तर रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | बिमा तथा नवीकरण खर्च | प्रदेश राजस्व बाँडफाँड | २२२१४ | ४,००,०००।०० | सवारी साधन, एम्बुलेन्स तथा ब्याकहु लोडर मर्मत खर्च | १,००,०००।०० |
| २ | सेवा तथा परामर्श खर्च | प्रदेश राजस्व बाँडफाँड | २२२१४ | ६,००,०००।०० | | ५,००,०००।०० |
| **जम्मा** | | | | **१०,००,०००।००** | | **६,००,०००।००** |

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको शिक्षा क्षेत्रलाई थप व्यवस्थित, गुणस्तरीय र सुदृढ बनाउनका लागि गाउँ शिक्षा समितिमा रिक्त रहेका सदस्य पदहरू पूर्ति गर्ने सम्बन्धमा विस्तृत छलफल गरियो। सो क्रममा, लिखु गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ (संशोधन सहित) दफा १६ को उपदफा १ को घ र च बमोजिम देहायका महानुभावहरूलाई गाउँ शिक्षा समितिको रिक्त सदस्य पदमा आजैको मितिदेखि लागू हुने गरी मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो:

**मनोनित सदस्यहरू:**

**१. श्री राजकुमार जोगी** – भिमसेनस्थान माध्यमिक विद्यालय (विद्यालय व्यवस्थापन समिति अध्यक्ष)

**२. श्री लक्ष्मी तामाङ** – लिखु गाउँपालिका वडा नं. ५ (महिला/बुद्धिजीवी/शिक्षाप्रेमी)

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं. ९ मा सञ्चालित पोखरी आधारभूत स्वास्थ्य चौकीमा कार्यरत सिएमए श्री लाक्पा डोमा शेर्पाको पारिश्रमिक तथा सेवा सुविधा हालसम्म माइक्रो प्रोजेक्ट नेपालले बेहोर्दै आएकोमा मिति २०८२ चैत मसान्त पश्चात् उक्त संस्थाले दायित्व नबेहोर्ने बेहोरा जानकारी गराएकोले सो क्षेत्रका नागरिकहरूको स्वास्थ्य सेवाको निरन्तरता र संवेदनशीलतालाई मध्यनजर गर्दै, निज कर्मचारीलाई सेवामा निरन्तरता दिन वडा नं ९ को कार्यालयबाट सिफारिस भई आएको हुँदा मिति २०८३ बैशाख १ देखि लागु हुने गरी करार सम्झौता समेत गरी चौथो तह बराबरको सुविधा निजको पारिश्रमिक तथा भत्ता गाउँपालिकाको स्रोतबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका क्षेत्रभित्रका वास्तविक र व्यावसायिक कृषकहरूलाई प्रोत्साहन गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउन आर्थिक समितिद्वारा परिमार्जन सहित कार्यपालिकामा पेश गरिएको **"लिखु गाउँपालिका उत्कृष्ट कृषक छनोट कार्यविधि, २०८३"** माथि दफावार छलफल गरी सो कार्यविधिलाई स्वीकृत एवं पारित गर्ने सर्वसम्मत निर्णय गरियो। पारित कार्यविधि यसै माइन्युटसाथ संलग्न राखिएको छ।

**निर्णय नं. ८:**

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार निर्णय गरियो।

**क) गाउँपालिकाको सवारी साधन व्यवस्थापन:** गाउँपालिकाको नाममा रहेका सवारी साधनहरूको बढ्दो मर्मत खर्चलाई नियन्त्रण गर्न र इन्धन एवं साधनको मितव्ययी एवं न्यायोचित उपयोग सुनिश्चित गर्न कार्यपालिकाअन्तर्गतका सम्पूर्ण सवारी साधनहरूलाई **"सवारी साधन पुल (Vehicle Pool) प्रणाली"** मा राखी सञ्चालन गर्ने निर्णय गरियो। जसअनुसार सबै सवारी साधन कार्यालयमै रहने र फिल्ड आदेश (Tour Order) स्वीकृत गराएर मात्र प्रयोग गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**ख) सार्वजनिक विदा र कार्यालय समय व्यवस्थापन:** नेपाल सरकारको मिति २०८२/१२/२२ को निर्णय बमोजिम हप्ताको दुई दिन (शनिबार र आइतबार) सार्वजनिक विदा दिने व्यवस्था गरेको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरूप लिखु गाउँपालिकाको भौगोलिक विकटता, चालु आ.व. को सीमित अवधिमा योजना सम्पादन, शैक्षिक क्यालेन्डर अनुसार वार्षिक पाठ्यघण्टा (Credit Hours) पूरा गरी शैक्षिक गुणस्तर कायम राख्न तथा नागरिक सेवा प्रवाहको निरन्तरतालाई दृष्टिगत गर्दै गाउँपालिका मातहतका सम्पूर्ण कार्यालय, वडा कार्यालय, शैक्षिक तथा स्वास्थ्य संस्थाहरूमा **साविक बमोजिम हप्ताको एक दिन शनिबार मात्र सार्वजनिक विदा दिई आइतबार समेत कामकाज सञ्चालन गर्ने** सर्वसम्मत निर्णय गरियो।

**ग)** मिति २०८१ मंसिर २५ गते गठित उजुरी छानबिन समितिले कार्यव्यस्तता लगायतका विभिन्न कारणले तोकिएको समयसीमाभित्र प्रतिवेदन पेश गर्न नसकेको व्यहोरा अवगत हुन आएकाले उक्त उजुरी छानबिन कार्यलाई प्रभावकारी र निष्कर्षमा पुऱ्याउन समितिको पुनर्गठन गर्नुपर्ने आवश्यकता महसुस गरिएकाले देहाय बमोजिम पुनर्गठन गर्ने सर्वसम्मत निर्णय गरियो:

पुनर्गठित छानबिन समिति:

- संयोजक: श्री तारा बहादुर तामाङ
- सदस्य: श्री चेतन लामिछाने

**घ)** लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैठकका सम्पूर्ण निर्णयहरू प्रमाणित गर्दै बैठक समापन गरियो।